स्थानिय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि , २०७५ को

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०१ संख्याः ०३ मितिः २०७५।०२।२५**

## भाग-१

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७४।११।१० गते विरुवा गाउँपालिकाको गाउँसभाले बनाएको **"विरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

प्रस्तावनाः नेपालको संविधाको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम विरुवा गाउँपालिकाको मिति २०७४।११।१० गतेको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यो ऐनको नाम **"विरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४"** रहेको छ ।

(२) यो ऐन विरुवा गाउँपालिका भित्र तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क. "ऐन" भन्नाले विरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पछ ।

ख. "कार्यपालिका" भन्नाले विरुवा गाउँ कार्यपालिका सम्झनु पछ ।

ग. "गाउँपालिका" भन्नाले विरुवा गाउँपालिकालाई सम्झनु पर्छ ।

घ. "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

ङ. "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम विरुवा गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नको निमित्त विरुवा गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदाफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही विरुवा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**आज्ञाले**

**नेत्र प्रसाद पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**